

# समग्र

## समग्र विकास सेवा केन्द्र

# परिचय

समग्र विकास सेवा केन्द्र मुनाफा आर्जन नगर्ने गैरसरकारी संस्था हो । यसले स्वावलम्वी, विकासोन्मुख र गतिशील समाजको परिकल्पना गरेको छ । हरेक व्यक्तिको मानवअधिकार सुनिश्चितताका लागि यसले विशेष जोड दिन्छ । आफ्ना मानवअधिकारहरूको दावी र उपभोग गर्नको लागि सुशासन सहित राजनितिक, सामाजिक, आर्थिक र मानवीय पुँजी प्रवर्द्धनको माध्यमद्वारा सिमान्तकृत तथा विपन्न मानिसहरूलाई सशक्तिकरण गर्ने कार्यमा समग्रले सहजिकरण गर्दै आइरहेको छ । यसको लागि समग्रले सामाजिक परिवारहरूको गठन, तिनको समग्र सशक्तिकरण र परिचालन गर्ने गर्दछ । समग्रका कार्यकर्ता तथा कर्मचारीहरूको उत्प्रेरणा र सहयोगमा गाउँ तथा टोलहरूमा संगठित सामाजिक परिवारहरूलाई आवश्यकता अनुसार सम्बन्धित विषयका शीप, ज्ञान र जानकारीहरू प्रदान गरिन्छ । २०४१ सालमा पाल्पा जिल्लाको दलित, जनजाती, तथा अन्य विपन्न समुदायको बाहुल्यता रहेको झडेवा गा.वि.स. को बगाले गाउँबाट यो अभियान शुरु भएको हो जुन वेलामा नेपालमा गैरसरकारी संस्थाको अवधारण / अभ्यास नै नयाँ थियो ।

२०५३ साल बैशाख २८ गते काठमाडौ जिल्ला प्रशासन कार्यालयमा दर्ता भई समाज कल्याण परिषदमा आबद्ध भएको यस संस्थाको हाल तराई मधेशका ९ जिल्लाहरू सुनसरी, सिराहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा तथा मध्यपहाडी ४ जिल्लाहरू धादिङ, गोरखा, लमजुङ र काठमाडौंमा कार्यक्षेत्र रहेको छ । यी १३ जिल्लादेखि अतिरिक्त पहिले कार्यक्रम सञ्चालन भएका थप ७ जिल्लाहरू भोजपुर, संखुवासभा, पर्सा, सिन्धुली, काभ्रे र तनहुँमा पनि सम्पर्क र समन्वयकारी भुमिका निभाउँदै आएको छ ।




# हाम्रो मार्गदर्शक सिद्धान्तहरू



## परिकल्पना

हरेक व्यक्तिको पूर्ण मानवअधिकार सुनिश्चित भएको स्वावलम्वी, विकासमुखी तथा गतिशील समाज ।



## ध्येय

सुशासन सहित सामाजिक, आर्थिक तथा मानवीय पूँजीको प्रवर्द्धन गरी अति विपन्न तथा सिमान्तकृत मानिसहरूको सशक्तिकरण गर्ने ।



## लक्ष्य

दलित, आदिवासी–जनजाती, मधेसी, महिला तथा अन्य बहिष्कृत/सिमान्तकृत मानिसहरूलाई सशक्तिकरण गर्ने जसले गर्दा तिनीहरूले मानवअधिकारको उपभोग गरिरहेका र शान्तिपूर्ण वातावरणमा आत्मसम्मानकासाथ सुदृढ जिवीकोपार्जन गरिरहेका हुनेछन् ।


USHA
USHA

# संस्थाबाट सञ्चालित आयोजना/क्रियाकलापहरू

**१. आयोजनाको नाम**

## शान्ति स्थापना र प्रजातान्त्रिक विकासका लागि सिमान्तकृत मानिसहरूको सशक्तिकरण

**साझेदार संस्था**: गभर्नेन्स फ्यासिलिटी (डेनमार्क, स्वीजरल्याण्ड र संयुक्त अधिराज्यको सहकार्य)

**आयोजना सञ्चालन भएका जिल्लाहरू**: सुनसरी, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ, लमजुङ, सर्लाही, रौतहट, बारा र काठमाडौं ।

**अपेक्षित प्रतिफलहरू**:

१. बृहत प्रजातान्त्रिक अभ्यासमा आफ्नो भूमिका, अधिकार र जिम्मेवारीबारे थप बुझेर त्यसको अभ्यास गर्न सिमान्तकृत मानिसहरूको सशक्तिकरण र सार्वजनिक श्रोतहरूमा उनीहरू आफ्नो पहुँच पुऱ्याउन थप सक्षम हुनेछन् ।

२. सिमान्तकृत मानिसहरूको अधिकार प्रति थप जवाफदेही हुन राज्यका स्थानीय निकायहरूलाई मद्धत गरिनेछ ।

३. मानवअधिकारको सम्मान सहित सामाजिक सद्भाव र शान्ति प्रवर्द्धन गर्न स्थानीय समुदाय थप सक्षम हुनेछन् ।

**सञ्चालित क्रियाकलापहरू**:

- सामाजिक परिवारहरूको गठन र परिचालन,
- सामाजिक परिवारहरूको क्षमता विकासको लागि आधारभुत मानवअधिकार, द्वन्द्व व्यवस्थापन, सहभागितामूलक योजना निर्माण, नेतृत्व विकास तथा समुह व्यवस्थापन, लेखा व्यवस्थापन जस्ता विषयमा तालिम सञ्चालन,
- राज्यबाट प्रवाह हुने सार्वजनिक सेवाका वारेमा सामाजिक परिवार (समुदायहरू)लाई सचेतना/जानकारी गराउने,
- जीविकोपार्जन तथा स्थानीयस्तरका संरचना निर्माण/विकासका लागि सहकार्य गराउने,
- सामाजिक लेखाजोखा, सार्वजनिक सुनुवाई,
- राज्यका निकायका प्रतिनीधि, निर्वाचित जनप्रतिनीधिहरू, राजनैतिक दल, नागरिक समाजका अगुवाहरूसँग (छिटो छरितो, सरलरुपमा समुदायमा सेवाप्रवाह, प्रजातान्त्रिक अभ्यास, सुशासन तथा जवाफदेहिता आदि विषयमा) अन्तरक्रिया/गोष्ठी,
- सामाजिक परिवारहरूलाई सहभागितामूलक योजना निर्माणका लागि सहजिकरण र श्रोत प्राप्तीका लागि पैरवी,
- आयमूलक तथा स्थानीय पुर्वाधार निर्माण कार्यका लागि सहजीकरण र सहकार्य, घुम्ति कोषको परिचालन समेत,
- स्थानीयस्तरका राज्यका निकायका प्रतिनीधिहरूलाई सशक्तिकरण गर्न सेमीनार/कार्यशाला/अभिमुखीकरण,
- स्थानीय तथा राष्ट्रिय स्तरका पैरवी/वकालत क्रियाकलापहरू,

- मानवअधिकार प्रवर्द्धन, अनुगमन र यस सम्बन्धि चेतना अभिबृद्धि क्रियाकलापहरू,
- अवलोकन भ्रमण (सामाजिक परिवारहरू र अन्य सरोकारवालाहरूका लागि),
- स्थानीय स्तरमा शान्ति निर्माणका लागि सहजीकरण कार्यहरू, शान्ति र सामाजिक सहिष्णुता अभिवृद्धि सम्बन्धी कार्यहरू ।

## २. आयोजनाको नामः

### गरिवी निवारण कार्यक्रम

**साझेदार संस्थाः** गरिवी निवारण कोष

**सञ्चालित जिल्लाः** धादिङ (थाक्रे, बेनिघाट रोराङ र गंगाजमूना गाउँपालिकाहरू)

**दीर्घकालीन उद्देश्यः**
गरिवीको रेखामुनि परेका महिला, दलित, जनजाती तथा विपन्न वर्गका समुदायको जीवनस्तरमा सुधार ल्याई उनीहरूको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तिकरण गर्ने जसका कारणबाट उनीहरू स्वावलम्वी हुनेछन् ।

**अल्पकालीन उद्देश्यहरुः**
- सामुदायिक संस्थाहरू (सामाजिक परिवार) लाई सशक्तिकरण गर्ने जसका कारण स्थानीय श्रोतसाधन, सेवा र अवसरहरूमा उनीहरूको पहुँच पुगी दीगो जीविकोपार्जनको लागि ती श्रोत र साधनहरू उपयोग गर्न सघाउने ।
- दलित, जनजाती, महिला, भिन्न क्षमता भएका व्यक्तिहरू, गरिव तथा विपन्न समुदायहरूलाई शीप र क्षमता बढाई सामाजिक र आर्थिक रुपले सशक्त तुल्याउने ।
- स्थानीय ग्रामीण पूर्वाधार निर्माण, मर्मतसंभार तथा सेवाहरूको गुणस्तरमा अभिवृद्धि गर्ने तथा वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।



## सञ्चालित क्रियाकलापहरू:

- सामाजिक परिवार (सामुदायिक संस्था) गठन र परिचालन, नयाँ सामाजिक परिवारहरू गरिवी निवारण कोषमा दर्ता,
- समुह व्यवस्थापन र नेतृत्व विकास तालिम,
- लघु व्यवसाय प्रवर्द्धन तालिम, कृषि र पशुपालन तालिम,
- परियोजना तयारी, गरीवी निवारण कोषसंग सम्झौता, आयआर्जन तथा पूर्वाधार निर्माणका सहआयोजनाहरू सञ्चालन/कार्यान्वयन,
- प्रविधि तथा सामाजिक परिचालन सम्बन्धी सेवा प्रदान, अनुगमन, विषयगत कार्यालयहरूसँग समन्वय/सहकार्य,
- मासिक बचत तथा घुम्ती कोष परिचालन

## ३. आयोजनाको नाम:

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

**साझेदार संस्था**: लमजुङ्ग जिविस र काठमाण्डौ महानगरपालिका

**कार्यक्षेत्र** : लमजुङ्ग (दोर्दी गाउँपालिका र वेशीसहर नगरपालिका) र काठमाडौं महानगरपालिका (९ वटा वडाहरू)

## कार्यक्रमको उद्देश्य:

- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) संचालनका लागि सामाजिक परिचालन कार्यविधि २०७१ र यसले अवलम्वन गरेका विधि तथा ढाँचालाई कार्यन्वयन गर्ने ।
- सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयनका लागि सामाजिक परिचालक र वार्डस्तरका सरोकारवालाहरूको क्षमता विकास गर्ने ।
- सामाजिक परिचालन कार्यक्रमको गुणस्तर र प्रभावकारीता वृद्धिका लागि सहयोग पुरयाउने ।
- सामाजिक परिचालन कार्यक्रमको गुणस्तर र कार्य सम्पादनको अनुगमन गर्ने र पहुँच वृद्धिका लागि सहयोग गर्ने ।
- सामाजिक परिचालनका वारेमा स्थानीय निकायहरूलाई सुझाव र पृष्ठपोषण दिने ।



### क्रियाकलापहरू:

- वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरूको परिचालन
- सहभागितामूलक योजना निर्माण प्रक्रियामा सहजीकरण
- सामाजिक समस्या तथा विकृतिहरूलाई न्यूनिकरण गराउन आवश्यक सहजीकरण/जनपरिचालन
- स्थानीय सेवा सुविधाहरूमा सहज पहुँच वृद्धिका लागि सहजीकरण
- सामाजिक परिचालकहरूलाई आवश्यक सहयोग गर्ने ।

## ४. नियमित कार्यक्रमहरू:


**संस्थाको आन्तरिक श्रोत र स्वयम्सेवक परिचालन गरी स्थानीय स्तरमा निम्न अनुसारको नियमित क्रियाकलापहरू सञ्चालित छन् :**

१. स्वयंसेवी समुह निर्माण, सशक्तिकरण र परिचालन (सामाजिक परिवार निर्माण तथा परिचालनका लागि)

२. सामाजिक परिचालन, नियमित वचत परिचालन, घुम्तीकोष परिचालन, सामाजिक नक्साँकन, योजना निर्माण, द्वन्द्व व्यवस्थापन, आधारभूत मानवअधिकार संरक्षण तथा प्रवर्द्धन, सहकारी व्यवस्थापन, नेतृत्व विकास जस्ता विषयहरूमा तालिम सञ्चालन, आवश्यक सहजीकरण र परामर्श

३. जनसरोकारका विषयहरूमा स्थानीय तथा राष्ट्रिय स्तरमा पैरवी/वकालत

४. सिकाई केन्द्रः सामाजिक परिवार, स्थानीय विकास, द्वन्द्व रुपान्तरण र मेलमिलाप, सामाजिक परिचालन, सहभागितामूलक योजना निर्माण, सहकारी व्यस्थापन, आधारभूत मानव अधिकार, नेतृत्व विकास आदिका लागि ।



## ५. स्थानीय स्तरका समन्वयात्मक कार्यक्रमहरू:

१. अनौपचारिक शिक्षा कक्षा सञ्चालन (स्थानीय शिक्षा कार्यालयहरूसँग समन्वय गरी)
२. स्थानीय विकास रणनीतिक योजनाहरू तयारी (संवन्धित गाउँपालिका/नगरपालिका/जिल्लाहरूसँगको समन्वयमा)
२. अनुसन्धानात्मक कार्यहरू
४. स्थानीय स्तरका राज्यका निकायहरूसँगको सहकार्यमा छोटो अवधिका विभिन्न आयोजनाहरू

**समग्रका आधारभूत तहमा रहेका साझेदारहरू/संजाल जसलाई क्षेत्रीय तथा जिल्ला कार्यालयहरू र स्वयंसेवी कार्यकर्ताहरू (उत्प्रेरकहरू) ले परिचालन गर्दछन् ।**

- १ हजार २८ सामाजिक परिवारहरू र १ हजार २६ वटा आयआर्जन समितिहरू (सामाजिक परिवारमा रुपान्तरण हुने क्रममा) जसमा ६० हजार भन्दा बढी घरपरिवारहरू संलग्न छन् ।
- ४२ वटा सहकारी संस्थाहरू (जसमध्ये ९ वटा महिला सहकारी)
- ६ वटा जिल्ला सामाजिक परिवारहरू (सम्बन्धित जिल्लामा दर्ता भएका)

## संस्थाले सञ्चालन गरेका कार्यक्रम/आयोजनाहरूबाट प्राप्त भएका नतीजाका केही उदाहरणहरू

### मानवअधिकारहरूको परिपूर्तिको लागि वकालत र उल्लंघनका विरुद्ध अभियान:

- ४० हजार भन्दा बढिले नागरिकता प्रमाणपत्र प्राप्त गरे ।
- विद्यालय वाहिर भएका १० हजार भन्दा बढी दलित/जनजाती समुदायका बालबालिकाहरू विद्यालय भर्ना भए र उनीहरूले छात्रवृद्धि पाए ।
- ५० हजार भन्दा वढी व्यक्तिगत घटना दर्ता भए ।
- सशक्त भएका सामाजिक परिवारहरूले स्थानीय सरकारी तथा गैरसरकारी निकायहरूबाट श्रोतहरू प्राप्त गरी परिचालन गरे (लगानी र प्रतिफलको अनुपात १:७)
- सरकारी अधिकारीहरूबाट जनताहरूलाई प्रदान गरिने सेवा सुविधा र व्यवहारमा सकरात्मक परिवर्तन आएको ।
- सामाजिक परिवारहरूबाट स्थानीय स्तरमा गरिने नियमित अनुगमनको अतिरिक्त १ हजार भन्दा वढी मानवअधिकार उल्लंघनका घटनाहरूमा कारबाही भएको ।

### सिमान्तकृत मानिसहरूको राजनितिक सशक्तिकरण

- सामाजिक परिवारको सदस्य १ जना र समग्रको कार्यक्रमबाट परोक्ष रुपमा लाभान्वित अन्य ५ जना महिलाहरू संविधानसभा सदस्यका रुपमा निर्वाचित/मनोनित
- सामाजिक परिवारका १२ सयभन्दा बढी सदस्यहरू स्थानीयस्तरको नेतृत्वमा
- हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा सामाजिक परिवारका ८० जनाभन्दा बढी विभिन्न पदमा निर्वाचित भए ।

### स्थानीय स्तरमा द्वन्द्व रुपान्तरण र शान्ति स्थापना

- १ हजार ३९ जनालाई तालिम प्रदान र २ सय ५ जना प्रशिक्षक सामाजिक परिवार स्तरमा तयार
- सामाजिक परिवारस्तरमा ८ सय ९५ वटा द्वन्द्वका घटनाहरू व्यवस्थापन

- तराई र पहाडका सामाजिक परिवारहरूका अवलोकन भ्रमण तथा आपसी आदानप्रदान जसले मधेसी र र पहाडीबीचको सद्भाव र सहिष्णुतामा वृद्धि
- १ हजार सामाजिक परिवारका ५० हजार भन्दा बढी घरपरिवारहरूबाट सामाजिक सहिष्णुता र सद्भावको अभ्यास र शान्ति स्थापनामा सहयोग गरिरहेका

## संस्थागत विकास तथा स्थानीय श्रोत परिचालन

- ४२ वटा सहकारी सस्था गठन, तिनलाई तालिम प्रदान र स्थानीय श्रोतको परिचालन
- रु.१ करोडको केन्द्रिय घुम्ती कोष र रु.४ करोडको स्थानीय घुम्ती कोष सामाजिक परिवार तथा आयआर्जन समितिद्वारा परिचालन

## जीविकोपार्जनमा वृद्धि

- २ हजार जनाभन्दा बढी मानिसहरू (२५% महिला) लाई शीप विकास तालिम जसमध्ये ६०% रोजगार

## स्थानीय पूर्वाधार र वातावरण संरक्षण

- उत्तरी गोरखामा ९२ कि.मि. घोडेटो बाटो निर्माण (हरित सडक अवधारणाबाट)
- गोरखामा ४७ कि.मि. हरित सडक निर्माण
- १३५ खानेपानी आयोजनाहरू, ३७ वटा विद्यालय भवन, ४५ वटा सामुदायिक भवन, ३ वटा लघुजलविद्युत, ७ वटा झोलुङ्गे पुल निर्माण आदि ।
- सामुदायिक वन, वृक्षारोपन, बाढी/भूक्षय रोकथाम आदि ।





**अनुसन्धान र प्रकाशनहरू:**

- काठमाडौं महानगरपालिकासँगको सहकार्यमा पूर्व प्राथमिक विद्यालयको अवस्था विश्लेषण: अनुसन्धान
- लघुवित्त र सहकारीले सिमान्तकृत मानिसहरूको सामाजिक तथा आर्थिक अवस्थामा पारेका प्रभावहरू: अनुसन्धान
- सार्वजनिक सेवा र सुविधा संबन्धि जानकारी: हाते पुस्तिका प्रकाशित
- किनाराका मान्छे: पुस्तक प्रकाशित
- People at Margin: पुस्तक प्रकाशित
- One for all and all for One: प्रतिवेदन प्रकाशित
- Power to the people: प्रतिवेदन प्रकाशित



# सामाजिक परिवार

सामाजिक परिवार भनेको अधिकांश दलित र आदिवासी जनजाती रहेका विपन्न/सिमान्तकृत र बहिष्कृत समुदायका मानिसहरूको सामाजिक समुह हो। यो सहिष्णु र समावेशी हुन्छ। उनीहरू आफ्नो समुहका सदस्यहरूको समग्र उन्नतिको लागि सशक्तिकरणका गतिविधिहरूमा लागीपरेका हुन्छन्। मानवअधिकार तथा विकासमा संलग्न सरकारी तथा गैरसरकारी संस्थाहरूले गठन गर्ने अन्य "समुहहरू" विकासका कुनै निश्चित तथा विषयगत क्षेत्रहरूमा केन्द्रित हुन्छन् र मानव जीवनका अन्य पक्षहरू ओझेलमा पर्छन् वा तिनलाई नकारिन्छन्। तर सामाजिक परिवार भनेको एउटा घरपरिवारको विस्तारित रुप हो जसका सदस्यहरू भावनात्मक रुपमा एकअर्कासँग गाँसिएका हुन्छन् र एक अर्काका खुसी र दुःख बाँड्छन्। सामाजिक परिवारहरू आफ्नो दैनिक जीवनको बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्न सँगै मिलेर कामहरू गर्दछन् र आफ्नो समुदायमा सामाजिक तथा आर्थिक पुँजीको रुपमा भूमिका निभाउँछन्। सामाजिक परिवार एउटा गुठी हो जसका हरेक सदस्यले गुठियारको भूमिका निभाउँछन्। यसरी सामाजिक परिवार आधारभूत तहमा रहेका मानिसहरूको यस्तो एउटा संरचना (लक्षित वर्ग र माध्यम दुवै) हो जसले सबै प्रकारका मानव अधिकारहरूको संरक्षण, दावी र अभ्यास गर्दछ।

हरेक जिल्लामा सामाजिक परिवार मार्फत गाउँ तथा नगरपालिकाहरूमा सशक्तिकरण/विकासका गतिविधिहरू आत्म निर्भर रुपमा सञ्चालन गर्नका लागि एउटा जिल्ला सामाजिक परिवार गठन गरी दर्ता गरिन्छ। समग्रले आफ्नो अभियानको एउटा अङ्गको रुपमा सहकारी आन्दोलन पनि संचालन गर्दै आएको छ। हरेक गाउँपालिका वा नगरपालिकाका वडामा रहेका सबै सामाजिक परिवारहरूहरूले एउटा सहकारी संस्था निर्माण गरी वा मौजुदा सहकारीमा आबद्ध भई संचालन गर्छन् जसले सामाजिक परिवारहरूलाई सहकारीताको अवधारणालाई आफ्नो समुदायभित्र मजबुत बनाउन र आर्थिक श्रोत परिचालन गर्न कानूनी मान्यता प्राप्त संस्थाको रुपमा विकसित हुन मद्धत गर्नेछ। हाल नेपालका विभिन्न जिल्लाहरूमा १ हजार भन्दा बढी सामाजिक परिवारभित्र ३५ हजार भन्दा वढी घरपरिवार संगठित भएका छन्। त्यसैगरी समग्रवाट पहिले स्थापना भएका १ हजार भन्दा बढी आयआर्जन समितिहरू सामाजिक परिवारहरूमा रुपान्तरित हुँदै गएका छन् भने ६ वटा जिल्लाहरूमा जिल्ला सामाजिक परिवार निर्माण भई सञ्चालित छन्।

## संस्थामा कार्यरत टीमको अवस्था (२०७४ श्रावण)

| | साधारण सभा | कार्यसमिति | कर्मचारी |
|---|---|---|---|
| महिला | १८ | ७ | ६७ |
| दलित | ११ | ३ | १८ |
| आदिवासी जनजाति | १४ | ४ | ४२ |
| मधेसी (अन्य पिछडा) | १२ | २ | १५ |
| क्षेत्री, वाहुन र दशनामी | १८ | २ | २९ |
| फरक क्षमता भएका व्यक्ति | १ | | २ |
| **जम्मा** | **४३** | **९** | **१०४** |



# हाम्रा मूल्य मान्यताहरू







## अनुक्रमणिका

- कार्यक्रम सञ्चालित जिल्लाहरू
- कार्यक्रम सञ्चालित जिल्लाहरू (बढी केन्द्रित)


# कार्यसमिति

**अध्यक्ष**– ई.बाबुबाजी अधिकारी
**उपाध्यक्ष**– रुपा विश्वकर्मा
**महा-सचिव**– अनिता परियार
**कोषाध्यक्ष**– कञ्चन नेगी लामा
**सचिव**– छेवाङ ग्याल्चेन लामा
**सदस्यहरू**– चमेली प्रधान, श्यामो देवी तत्मीनी, धर्मा कुमारी पौडेल, सीता कुमारी चौधरी

# सल्लाहकार समिति

१. विहारीकृष्ण श्रेष्ठ
२. वालकृष्ण लाल जोशी
३. दुर्गादत्त घिमीरे
४. डा. लक्ष्मण प्रसाद ज्ञवाली
५. कृष्ण मुरारी भण्डारी
६. कञ्चन वर्मा लामा
७. लक्ष्मण आचार्य

# कार्यक्रम सञ्चालित जिल्लाहरू






**समग्र विकास सेवा केन्द्र**
**हस्पीटल मार्ग, चावहिल, काठमाडौं,**
**फोन नं.: ०१ ४४६९६४९**
**इमेल**: info@samagra-nepal.org.np
**वेभसाइड**: www.samagra-nepal.org